# फालेलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थोक्लिम्बा, पाँचथर १ नं. प्रदेश नेपाल कार्यालय नं ०२१६९६४९०

पत्र संख्या :२०७६/०७७ (अध्यक्ष ज्युको सचिवालय) मिति:२०७६।०४।०७

चलानी नम्बर : २३

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु
फालेलुङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
थोक्लिम्बा, पाँचथर

विषय : अख्तियारी सम्बन्धमा ।

प्रस्तुत विषयमा आर्थिक वर्ष ०७६।०७७ का लागि मिति ०७६।०३।१० गते सभाबाट पारित फालेलुङ गाउँपालिकाको वार्षिक बजेट स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७३ को उपदफा १ बमोजिम गाउँपालिकाको अध्यक्षको हैसियतले तपशीलको शर्तको अधिनमा रही खर्च गर्ने गरि यो अख्तियारी दिएको छु ।

**शर्तहरु :**

१. गाउँपालिकाको विनियोजन ऐन २०७६ संग प्रतिकुल नहुने गरि खर्च गर्नु हुन । तर गाउँसभा पश्चात संघीय तथा प्रदेश सरकारले शर्त सहित थप बजेट उपलब्ध गराए सोही शर्त बमोजिम बजेट खर्च गर्नु हुन ।

२. संघीय तथा प्रादेशिक कानुन सँग अनुकुल हुने गरि खर्च गर्नु हुन । सार्वजनिक खरिद गर्दा संघीय सार्वजनिक खरिद ऐन तथा नियमावलीको पुर्ण पालना गर्नु होला ।

३. प्रचलित कानुन अनुसार एक तह माथिको अधिकारीबाट आदेश लिने भनि तोकिएको हकमा गाउँपालिका अध्यक्ष बाट आदेश लिई र कानुन अनुसार राजपत्रांकित तृतिय श्रेणीको कार्यालय प्रमुखको अधिकार क्षेत्र भित्र रहेको आफ्नो अधिकारको प्रयोग गर्दा उच्च मनोवलका साथ प्रयोग गर्नु हुन ।

४. सभाद्धारा स्विकृत खर्च शिर्षक बमोजिम नै खर्च लेख्ने र श्रोत सुनिश्चित नभएसम्म खर्च नलेख्ने ।

५. विनियोजित बजेट खर्च गर्दा मितव्ययीता, प्रभावकारिता, कार्यदक्षता , नियमितता र औचित्यता समेतका आधारमा खर्च गर्नु हुन ।

६. प्रत्येक चौमासिक समाप्त भएको पन्ध्र दिन भित्र कार्यपालिका बैठक समक्ष आर्थिक प्रतिवेदन पेश गर्ने ।

२०७६।४।७

सञ्च कुमार केरुङ
गाउँपालिका अध्यक्ष

सञ्च कुमार केरुङ
अध्यक्ष